# गण्डकी बोर्डिङ स्कुल

(राष्ट्रिय विद्यालय)

लामाचौर, पोखरा ।

## सूचीकृत हुन आउने सम्बन्धी सूचना

*(सूचना प्रकाशित मिति : २०८३/०३/१७*

यस विद्यालय/महाविद्यालयको आर्थिक वर्ष २०८३/०८४ मा तपसिल बमोजिमका सामान तथा सेवाहरू आपूर्ति गर्न इच्छुक इजाजत प्राप्त व्यक्ति, फर्म, कम्पनी तथा संस्थाबाट सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ अनुसार सूची (Standing List) दर्ताको लागि यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र आफूले आपूर्ति गर्ने सामान एवम् सेवाहरूको विवरण, फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि, भ्याट/प्यान दर्ता प्रमाणपत्रको प्रतिलिपि, आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्र प्रतिलिपी संलग्न राखी छुट्टाछुट्टै कामको लागि छुट्टाछुट्टै निवेदन कार्यालय समयभित्र दर्ता गराउन यो सुचना प्रकाशित गरिएको छ ।

### तपसिल

(१) मसलन्द तथा कार्यालय सामान आपूर्ति सम्बन्धी कार्य (२) औषधी आपूर्ति सम्बन्धी कार्य (३) छपाई तथा प्रिटिङ्ग सम्बन्धी कार्यहरू (४) फर्निचर तथा फर्निसिङ सामान आपूर्ति तथा सोको मर्मत सम्बन्धी कार्य (५) इलेक्ट्रीक तथा इलेक्टोनिक्स (कम्प्यूटर, प्रिन्टर, फोटोकपी मेसिन, टोनर, फ्याक्स मेसिन, फ्याक्स मेसिनको रोल, फोटोकपी टोनर, कपि प्रिन्टर टोनर, स्कानर मास्टर रोल, यू.पी.एस, टेलिफोन लाइन, सेट, इलेक्ट्रोनिक्स उपकरणहरू र अन्य) सामान आपूर्ति तथा सोको मर्मत सम्बन्धी कार्य (६) सवारी साधनको पाटपूर्जा आपूर्ति र मर्मत सम्बन्धी कार्य (७) भवन तथा विद्यालय परिसरको सरसफाई कार्य (८) पुस्तक तथा पत्रपत्रिका आपूर्ति सम्बन्धी कार्य (९) सार्वजनिक निर्माण तथा निर्माण संरचना मर्मत सुधार सम्बन्धी कार्य (१०) विज्ञापन सम्बन्धी कार्य (११) ग्यास, इन्धनका आपूर्ति सम्बन्धी कार्य (१२) सेनेटरी तथा हार्डवयरका सामान आपूर्ति सम्बन्धी कार्य (१३) खाद्य सामग्री, फलफूल तथा तरकारी आपूर्ति सम्बन्धी कार्य (१४) साइन्स ल्यावमा प्रयोग हुने केमिकल्स र उपकरण तथा अन्य सामानहरू (१५) भाडावर्तनहरू (१६) खेलकुद सामग्रीहरू १७) जुता, मोजा, टाइवेल्ट, व्याच, पुरस्कार तथा मायाको चिनोको छपाई सम्बन्धी कार्य १८) भवन निर्माण सम्बन्धी सामाग्रीहरू १९) कपडा (सर्ट, पेन्ट, कोट, पर्दा, खादा) २०) कम्प्यूटर, नेटवर्किङ्ग सम्बन्धी कार्यहरू २१) अन्य विविध सेवाहरू

अन्य जानकारीहरू

क) यस सूचना अनुसार दर्ता भएका सूची आ.व. २०८३/०८४ को लागि मात्र मान्य हुनेछ ।

ख) प्राप्त निवेदन सूचीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार यस विद्यालयमा निहित रहनेछ ।

ग) म्याद नाघी तथा रीत नपुगेका निवेदन उपर कुनै कारवाही गरिने छैन ।

घ) सूचीकृत भएका व्यक्ति, फर्म, कम्पनीले यस विद्यालयबाट आव्हान गरिएको दरभाउपत्र, बोलपत्र वा प्रस्तावमा भाग नलिएमा वा सन्तोषजनक नभएमा तथा सामान आपूर्ति नगरेमा सूचीबाट हटाउन सकिनेछ ।

विद्यालय प्रशासन